आज मिति २०८१/०२/१५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं का.वा. वडा अध्यक्ष | श्री राजु खड्का |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| | | | |
| | | | |

**प्रस्तावहरु**

१. विश्व बैंकको सहयोगमा बागलुङ नगरपालिकामा संचालित नेपाल शहरी शासकीय पूर्वाधार तथा विकास कार्यक्रम NUGIP को कार्यक्रम सम्वन्धमा ।

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा

२. विश्व बैंकको सहयोगमा बागलुङ नगरपालिकामा संचालित नेपाल शहरी शासकीय पूर्वाधार तथा विकास कार्यक्रम NUGIP को कार्यक्रम सम्वन्धमा ।

३. जग्गा भाडामा सम्वन्धमा ।

४. दररेट सम्वन्धमा ।

५. रकम भुक्तानी सम्वन्धमा ।

६. विविध सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्तवा नं. २ माथि छलफल गर्दा विश्व बैंकको सहयोगमा बागलुङ नगरपालिकामा संचालित नेपाल शहरी शासकीय पूर्वाधार तथा विकास कार्यक्रम NUGIP अन्तर्गत Upgrading of Mulpani School Harachaur Kalimati Titaure Road, Majhibasti Niraheghat Road and Odachour Dhodeni Phorse Road, NP-DUDBC-400277-CW-RFB को ठेक्का सम्वन्धमा बागलुङ नगरपालिका कार्यालय बागलुङबाट मिति २०८०/१२/०४ गतेका दिन प्रकाशित Finincial Bid Opening Notice सम्मानीत उच्च अदालत पोखरा, बागलुङ ईजलासको मिति २०८१/०२/०८ को आदेश (फैसला) बमोजिम उत्प्रेषणको आदेशद्धारा बदर गरेको र बोलपत्र दाता Sharma and Company (Pvt) Ltd र Swachhanda/Bandan Bhagwati J.V. समेतलाई समावेश गरी बागलुङ नगरपालिकाबाट मिति २०८०/१२/२७ मा जारी गरिएको सुचना र मिति २०८०/१/१३ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, बोलपत्र खोल्ने कार्य समेत सम्मानीत अदालतको मिति २०८०/१२/१९ को आदेश (फैसला) विपरीत देखिएको भनि उक्त आदेशमा उल्लेख भएको साथै सम्मानीत अदालतको मिति २०८०/१२/१९ मा जारी आदेश (फैसला) तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम कार्य गर्नु गराउनु भनी परमादेशको आदेश जारी भएको हुँदा सम्मानीत अदालतको फैसलालाई सम्मान गर्दै उक्त फैसला कार्यान्वयन गर्ने शन्दर्भमा मूल्याङ्कन समितिबाट सिफारिस भएका तीन वटा कम्पनी आशिष/ फेवा (जे.भी.), Sharma and Company (Pvt) Ltd र Swachhanda/Bandan Bhagwati J.V. मध्ये Sharma and Company (Pvt) Ltd र Swachhanda/Bandan Bhagwati J.V. को प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही नभएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (२) बमोजिम पुन: बोलपत्र आह्वान गर्न आवश्यक नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम आशिष/ फेवा (जे.भी.), को प्राविधिक एवं आर्थिक प्रस्ताव सहितको बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही मानी उक्त बोलपत्र स्वीकृत गरी ऐ.ऐनको दफा २७ (३) बमोजिम आशिष/फेवा (जे.भी.) लाई संझौताको लागि पत्राचार गरी बोलपत्र सम्वन्धि बाँकी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्तवा नं. ३ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत कुकुर सेल्टर परियोजना संचालनको लागि जग्गा भाडामा लिनु पर्ने भएको हुँदा देहायको चार किल्ला क्षेत्र भित्रको कम्तीमा तीन (३) देखी बढीमा पाँच (५) रोपनी सम्मको जग्गा भाडामा लिनको लागि सुचना लगाएत अन्य आवश्यक प्रकृया पुरा गरी जग्गा भाडामा लिई कुकुर सेल्टर परियोजना संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. पूर्व : कालिगण्डी नदी
२. पश्चिम : दधिवारीको वन क्षेत्र
३. उत्तर : ढोडेनी सामुदायिक वन क्षेत्र
४. दक्षिण : वडा नं. १ को सीमाना

**निर्णय नं. ४**

प्रस्तवा नं. ४ माथि छलफल गदा आगामी आ.व. ०८१/०८२ मा बागलुङ नगरपालिका क्षेत्रभित्र निर्माण हुने विकास निर्माण कार्यका लागि सिकर्मी, डकर्मी, ज्यामीको दैनिक ज्याला तथा स्थानीय निर्माण सामाग्रीको मूल्य निर्धारण सम्बन्धमा बागलुङ जिल्ला दररेट निर्धारण समितिबाट गत बर्ष स्वीकृत दररेटलाई आधार मानि बागलुङ नगरक्षेत्र भित्रको यतार्थता र आवश्यकता सहितको मस्यौदालाई सुझाव रुपमा बागलुङ जिल्ला दररेट निर्धारण समितिमा उपलब्ध गराउने र उक्त समितिबाट स्वीकृत दररेटलाई कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्तवा नं. ५ माथि छलफल गर्दा देहाय बमोजिम योजना कार्यक्रम तथा आर्थिक सहायताको लागि माग भै आएको हुँदा निम्न बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) मालिका पञ्चासे कुवेरधाम साँधखोला बाटो स्तरोन्नतीको लागि अन्य योजना शिर्षकबाट रु ५,६५,०००। अक्षेरुपी पाँचलाख पैसठ्ठी हजार रुपैया मात्र ।

(ख) रानिभूमे युवा क्लव बा.न.पा. ८ को दशैमेलाको लागि खेलकुद शिर्षकबाट रु ५००००। अक्षेरुपी पचास हजार रुपैया मात्र ।

(ग) माया किसान बा.न.पा. ७ को घर जोखिम (मर्मतको लागि) रु १५०००। आर्थिक सहायता दिने ।

(घ) शालिग्राम लामिछाने बानपा १२ आगलागी को लागि रु १५०००। आर्थिक सहायता दिने ।

(ङ) पञ्चकोट स्टेज निर्माणको कार्यसम्पन्नताको आधारमा भुक्तानी दिने ।

(च) नेपाल मगर संघ (तेश्रो लखन कप खेलकुद) को लागि रु २५०००। आर्थिक सहायता दिने ।